**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १४ गते शुक्रबार ❑ 31 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## अन्नपूर्ण आधार शिविरबाट ७२ जना पर्यटकको उद्धार

**रासस**
म्याग्दी, १३ कार्तिक

हिमपातका कारण समस्यामा परेका १७ जना विदेशी सहित ७२ जना पर्यटकहरुलाई सुरक्षाकर्मीहरुको टोलीले म्याग्दीको अन्नपूर्ण आधार शिविरबाट उद्धार गरेको छ।

म्याग्दीदेखि मुस्ताङ जोड्ने धौलागिरि चक्रीय पदमार्गको 'हिडन भ्याली'मा हिउँले बाटो पुरिएपछि समस्यामा परेका पर्यटक उद्धार गर्न मुस्ताङ तर्फबाट सुरक्षाकर्मी टोली परिचालन भएको छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका पर्यटकहरु सोमबार रातीदेखिको बर्षा र हिमपातका कारण पैदलमार्ग पुरिएपछि फर्कन नसकेर समस्यामा परेका थिए। शसस्त्र प्रहरी बल आश्रित गुल्म गलेश्वरबाट प्रहरी निरीक्षक बिनोद पौडेलको नेतृत्वमा गएको सात जना शसस्त्र, तीन जना जनपद प्रहरी र स्थानीय उद्धारकर्मी इन्द्रसिंह शेरचनको टोलीले पर्यटकको उद्धार गरेको हो। गुल्मपति प्रमुख प्रहरी नायव उपरीक्षक लिलाबहादुर



भुजेलले १७ विदेशी सहित ७२ जना पर्यटकहरुलाई आधार शिविरबाट उद्धार गरेर बिहीबार बिहान हुमखोला झारिएको र उनिहरु सकुशल रहेका जानकारी दिनुभयो। "हिउँले पदमार्ग पुरिएपछि बाटो बिराएका २० जनालाई डोरीको सहायताले उद्धार गरिएको छ," उहाँले भन्नुभयो "उद्धार टोलीले पदमार्गमा थुपिएको हिउँ पन्छाएर सबै पर्यटकलाई सुरक्षित ठाउँमा ल्याएको छ।" अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग खाली बनाएर सबै पर्यटकहरुलाई सकशुल सुरक्षित ठाउँमा ल्याइएको प्रनाउ भुजेलले जानकारीदिनुभयो। वर्षा, हिमपात र मौसम खराब भएपछि समुन्द्रि सतहदेखि चार हजार एक सय ९० मिटर उचाईको आधार शिविर भ्रमणमा गएका पर्यटकहरु बास बसेकै ठाउँमा रोकिएका थिए। हुमखोला, फुतफुते, साधीखर्क, गुफाँफाट, भुसकेत मेला र पञ्चकुण्डको होटलमा बसेका पर्यटकहरु सुरक्षाकर्मीहरुको सहायतामा फर्किएका छन्। मंगलबार दिनभर हिमपात भएको उक्त क्षेत्रमा बुधबार मौसम सफा भएको थियो भने बिहीबार बिहानदेखि पुन हिउँ पर्न थालेको छ। म्याग्दीका प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले हिमपात र बर्षाका कारण हुन सक्ने सम्भावित जोखिमको आँकलन गरेर सोमबार देखि कात्तिक १४ गतेसम्म अन्नपूर्ण आधार शिविरको भ्रमणमा रोक लगाइएको बताउनुभयो।

खोप्रालेक, घोडेपानी, पुनहिल, मोहरेडाडा लगायत क्षेत्रको भ्रमणमा नजान र सतर्कता अपनाउन प्रशासन तथा अन्नपूर्ण गाउँपालिकाले सार्वजनिक सूचना मार्फत अपिल गरेका छन्। यसैगरी म्याग्दीको धवलागिरी-४ मुदीमा पर्ने धौलागिरि हिमालको आधार शिविर हुँदै मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फा जाने क्रममा समुन्द्री सतहदेखि पाँच हजार एक सय मिटर उचाईको 'हिडन भ्याली'मा समस्यामा परेका तीन जना बेलायतका महिला पर्यटक र १२ जना नेपाली पथप्रदर्शक तथा मजदुरहरुको उद्दारका लागि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

जिल्ला प्रशासन कार्यालय कास्कीले बाढीजन्य प्रकोपमा सतर्कता अपनाउन आग्रह गरेको छ।

कार्यालयले बिहीबार सूचना जारी गर्दै जल तथा मौसम विज्ञान विभागबाट बिहीबार जारी मौसम पूर्वानुमानबमोजिम गण्डकी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा र उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा भारी हिमपातको सम्भावना प्रक्षेपण गरिएको उल्लेख गरेको छ।

विभागको पूर्वानुमानका आधारमा उत्पन्न हुनसक्ने बढी, डुबान, पहिरो, भूक्षय, हिमपातलगायतका जोखिमका साथै सडक तथा हवाई यातायात प्रभावित हुनसक्ने सम्भावनासमेतलाई मध्यनजर गरी सतर्कता अपनाउनुहुन अनुरोध गरेको हो।

वर्षात्का समयमा अत्यन्त जरुरी काम नभई घरदेखि टाढा र रातको समयमा यात्रा नगर्न आग्रह गर्दै कार्यालयले यात्रा गर्नुपर्दा जल तथा मौसम विज्ञान विभागबाट जारी हुने आधिकारिक सूचनालाई पालना गर्न गराउनुहुन अनुरोध गरेको छ। बाढीपहिरोको उच्च जोखिम रहेका स्थानमा उच्च सतर्कता अपनाउन र उपयुक्त र सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउन सम्बन्धित स्थानीय तहबाट आवश्यक समन्वय गर्न अनुरोध गरिएको छ। वर्षात्को समयमा राष्ट्रिय राजमार्ग तथा ग्रामीण सडकमा चल्ने सवारीसाधनलाई संयमतापूर्वक सञ्चालन गर्न, क्षमताभन्दा बढी यात्रु नचढाउनलगायत सुरक्षित यात्राका लागि सतर्कता अपनाउन यातायात व्यवसायीले आफू मातहतका सवारी चालक एवं सहचालकलाई सचेत गराउन आग्रह गरिएको छ। कास्कीको वीरेठाँटीदेखि घान्द्रुक, वीरेठाँटीदेखि उल्लेरी, लुम्लेदेखि लान्द्रुक र काहुँखोलादेखिताङतिङ/सिक्लेस सडकखण्डमा बिहीबार साँझ ५ बजेदेखि शुक्रबार बिहान ६ बजेसम्म सवारीसाधन नचलाउन आग्रह गरिएको छ।

उच्च हिमाली क्षेत्रमा हिमपातकोसमेत सम्भावना भएकाले जिउज्यानको सुरक्षालाई दृष्टिगत गरी अन्नपूर्ण बेसक्याम्प, मर्दीहिमाल, खुमैडाँडा, कोरीलगायत स्थानमा मौसम सफा नभएसम्म पदयात्राका लागि ननिस्किन प्रशासनले अनुरोध गरेको छ। सबै स्थानीय तह, निजीक्षेत्र, पर्यटन व्यवसायी, होटल व्यवसायी, यातायात व्यवसायी, ट्रेकिङ एजेन्सीहरु, नागरिक समाज तथा सरोकारवाला निकायले मौसम पूर्वानुमानबमोजिम आवश्यक भूमिका निर्वाहगरी विपद्जन्य घटनाबाट हुनसक्ने क्षति न्यूनीकरणमा खट्न आग्रह गर्दै कुनै विपद्जन्य घटना भएमा सम्बन्धित स्थानीय तह, जनप्रतिनिधि, नजिकको प्रहरी इकाई वा सुरक्षा निकाय, स्थानीय प्रशासनमा तुरुन्त जानकारी गराउन पनि आग्रह गरिएको छ।

## प्रतिकूल मौसमले हवाई उडान प्रभावित

**रासस**
काठमाडौं, १३ कार्तिक

प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान प्रभावित भएको छ।

मौसममा आएको खराबीका साथै 'इनरुट वेदर' बिग्रिएकाले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक तथा अन्तरराष्ट्रिय दुवै उडान प्रभावित भएका हुन्। विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार प्रतिकूल मौसमका कारण बिहीबार आन्तरिकतर्फ केही उडान 'डाइभर्ट' हुनका साथै भरतपुर र तुम्लिङटार विमानस्थलको उडान बन्द गरिएको छ। पोखरा विमानस्थल आगमन बन्द छ भने 'डिपार्चर' मात्रै खुलेको छ। काठमाडौंका लागि विराटनगरबाट उडेको श्री एयरलाइन्सको विमान उतै डाइभर्ट भएको जनाउँदै उहाँले भैरहवाबाट काठमाडौं उडेको सोही एयरलाइन्सको विमान भैरहवा डाइभर्ट भएको बताउनुभयो।

प्रवक्ता शेर्पाका अनुसार अन्तरराष्ट्रियतर्फ नेपाल एयरलाइन्सको विमान भारतको नयाँदिल्ली डाइभर्ट भएको छ। इण्डिगो एयरको विमान पनि नयाँदिल्ली डाइभर्ट गरिएको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## अब सरर पोखरा–मुग्लिन सडकमा

**रासस**
पोखरा, १३ कार्तिक

पोखरा-मुग्लिन सडकको पश्चिम खण्ड (पोखरा-जामुने) को निर्माण यसै आवभित्र सक्ने लक्ष्य लिइएको छ। हालसम्म उक्त सडकको भौतिक प्रगति ५९.७६ र वित्तीय प्रगति ४७.८० प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ।

कुल ३८.८८ किमि दुरीको उक्त खण्डमा हालसम्म ३७.४ किमिमा एकतर्फी पहिलो तहको कालोपत्र



भइसकेको उक्त खण्डका प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले बताउनुभयो। उहाँका अनुसार २९.६१ किमिमा दुईतर्फी (चार लेन) र ७.७९ किमि सडकमा एकतर्फी (दुई लेन) कालोपत्र भइसकेको छ। १८.३ किमी (दुई लेन) मा दोस्रो तहको अस्फाल्ट कालोपत्र सम्पन्न भएको इन्जिनियर कुँवरले जानकारी दिनुभयो। यस्तै दुई किमीमा सर्विस लेन कालोपत्र गरिएको उहाँको भनाइ छ। कास्कीको विजयपुर पुल, डाँडाको नाक र मौरीभिरमा गरी कुल १०८० मिटरमा एकतर्फी पहिलो तहको कालोपत्र गर्न बाँकी रहेको जनाइएको छ। चालु आव सुरू भएयता ३.२३ किमी चार लेनमा प्रथम तहको कालोपत्र र १४ किमी दुई लेनमा दोस्रो तहको अस्फाल्ट कालोपत्र गरिएको हो।सोही अवधिमा दुईवटा कल्भर्ट निर्माण सकिएको आयोजना कार्यालयले जनाएको छ। "सडक विस्तार, नाली, कल्भर्ट निर्माणलगायत अधिकांश काम सकिएको छ", उहाँले भन्नुभयो, "चालु आवभित्र सडक निर्माण सकिन्छ, निर्माण कम्पनीले पनि पछिल्लो समय कामलाई गति दिएको छ।" विसं २०७८ भदौदेखि निर्माण सुरु गरिएको उक्त खण्डको ठेक्का म्याद आगामी पुससम्म रहेको छ। निर्माण कम्पनीले समयमा काम नगरेपछि यसअघि दुईपटकसम्म म्याद थप भएको इन्जिनियर कुँवरले बताउनुभयो। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले उक्त खण्डमा सडक विस्तार एवं स्तरोन्नतिको काम गरिरहेको हो। तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इन्जिनियर कुँवरले बताउनुभयो। पश्चिम खण्डमा पर्ने १३ वटा पुलमध्ये ११ पुल बनिसकेको र दुई पुल निर्माणाधीन अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो। उक्त खण्डमा पर्ने एक सय पाँचवटै कल्भर्ट निर्माण भइसकेका उहाँको भनाइ छ। तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला,सम्धीखोला,मूलखोला, फेदीखोला-१, फेदीखोला-२, रुदीखोला,हलेदीखोला,कालीखोला र कास्कीको कोत्रेखोलामा पुल निर्माण सकिएको हो।

सडक ठेक्काअन्तर्गत कास्कीको विजयपुर र पुल ठेक्काअन्तर्गत सेती पुल निर्माणको चरणमा छ। ५० वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको उक्त सडक एसियाली विकास बैङ्कको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो। गण्डकी प्रदेशको लाइफलाइनका रुपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)को निर्माण भने अन्तिम चरणमा पुगेको छ।


**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं।**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं !

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सहारा एकेडेमीको सहयोगार्थ च्यारिटी डिनर नाइट तथा सांस्कृतिक कार्यक्रम हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

सूर्यबहादुर केसी स्मृति सहारा आवासीय फुटबल एकेडेमीको सहयोगार्थ सहारा क्लब पोखराले आयोजना गर्न लागेको च्यारिटी डिनर नाइट तथा सांस्कृतिक कार्यक्रममा सहारा यूकेसहित विदशेमा रहेका खेलकुकर्मी एवं समाजसेवीले सहयोग गर्नु भएको छ।

पोखरा उपमहानगरपालिका १२ माटेपानीस्थित एसआर केसी ब्याङ्क्वेटमा कात्तिक १४ गते(शुक्रबार) साँझ ५ देखि ८ बजेसम्म हुने कार्यक्रमका लागि सहारा यूकेबाट १ लाख रुपैयाँ, सहारा यूकेका पूर्वअध्यक्ष दिलीपकुमार गुरुङ एमबीईले ५१ हजार रुपैयाँ, कोल्मा बहाकोट समाज यूकेका अध्यक्ष चन्द्रबहादुर गुरुङ र शान्ता गुरुङबाट ५१ हजार, तमुधीं यूकेका अध्यक्ष जुमकाजी गुरुङ तथा आमा समूह अध्यक्ष कमला देवी गुरुङबाट २५ हजार, व्यवसायी दिलरास गुरुङ र श्रीमती शोभा गुरुङबाट २५ हजार, गोर्खा मिडियाका प्रबन्ध निर्देशक मिलन तमु र श्रीमती बिमला गुरुङबाट २५ हजार र यूके निवासी थोमस लामिछाने गुरुङले ५० हजार सहयोग गर्नु भएको क्लवले जनाएको छ। कार्यक्रमका लागि विभिन्न देशबाट सहयोग प्राप्त भइरहेको क्लबका अध्यक्ष केशव बहादुर थापाले बताउनुभयो।

कार्यक्रममा हिमाली सांस्कृतिक परिवारको बिषेश प्रस्तुती रहने भएको छ भने देउसी भैलो सम्बन्धि ३ वटा नृत्य, कलाकार जय कुमार परियारको समेत प्रस्तुती रहने भएको उहाँले जनाउनु भयो। क्लवले यस बर्ष देउसी भैलो कार्यक्रम स्गथित गर्दै च्यारिटि डिनर नाइट गर्न लागेको हो।

क्लबद्वारा पोखरा-१७, दोबिल्लामा संचालित सूर्यबहादुर केसी स्मृति सहारा आवासीय फुटबल एकेडेमी सहयोगार्थ उक्त कार्यक्रम गर्न लागिएको थापाले बताउनु भयो।

एकेडेमी सहयोगार्थ भएकाले कार्यक्रममा सहभागी हुन चाहनेले जनही २५ सय बुझाउनुपर्नेछ। त्यसवापत् खाना तथा विभिन्न सांस्कृतिक कार्यक्रम अवलोकन गर्न पाइनेछ। कार्यक्रमबाट बचत हुन आएको रकम एकेडेमीमा खर्चिने क्लब अध्यक्ष थापाले जनाउनु भयो।

सहारा एकेडेमीका हाल चौथो ब्याचमा १४ जिल्लाका कठिन परिस्थिति तथा विपन्न वर्गका ३० जना बालकहरु आश्रित हुनुहुन्छ। उनीहरुलाई क्लबले निःशुल्क आवासीय सुविधा सहित शिक्षादीक्षा तथा फुटबल प्रशिक्षण दिँदैआएको छ। क्लवको स्थापनाकाल देखि हुदै आएको देउसी भैलो यस बर्ष तेश्रो पटक स्थगित भएको क्लवले जनाएको छ। उक्त च्यारिटिमा करिब ५ सय जना सहभागि हुने क्लवले जनाएको छ। करिब ५ सय जनालाई पत्रचार गरिएको क्लबका अध्यक्ष थापाले बताउनु भयो।



पग्लिएन मुस्ताङको हिउँः
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ खिङ्गा गाउँको खेतबारीमा परेको बाक्लो हिउँ र आसपासका क्षेत्र। गत सोमबार रातिदेखि परेको अविरल वर्षापश्चात् आएको हिउँ नपग्लिए पनि खेतबारीमा लगाइएको स्याउलगायत हिउँदे बालीलाई अत्यन्तै राम्रो हुने स्थानीयको विश्वास रहिआएको छ। तस्बिरः सुशीलबाबु थकाली/रासस

# शनिबार बिहानसम्म देशका अधिकांश भागमा वर्षा हुने

**रासस**
काठमाडौं, १३ कार्तिक

'मोन्था' चक्रवातले शनिबार बिहानसम्म देशका अधिकांश भागमा वर्षा हुने जल तथा मौसम पूर्वानुमान महाशाखाले बताएको छ।

कर्णाली र सुदूरपश्चिम प्रदेशमा छिटपुट, अन्य प्रदेशमा मध्यम वर्षा हुने तथा शनिबार बिहानदेखि मात्र मौसम सुधार आउने जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलले बताउनुभयो। आगामी २४ घण्टा काठमाडौँ उपत्यकाका साथै आसपासका क्षेत्रमा वर्षा हुने जानकारी दिँदै उहाँले सबै स्थानमा निरन्तर वर्षा भने नहुने बताउनुभयो। आगामी २४ घण्टामा कोशी, वाग्मती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भेगमा एकदुई भारी हिमपातको सम्भावना रहेको प्रवक्ता पोखरेलले जानकारी दिनुभयो।

# बाझापाटन सांगीतिक फेस्ट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

बाझापाटन १३ (बि १३) को आयोजनामा पोखरामा म्युजिकल फेस्ट २०२५ हुने भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर १३ बाझापाटनमा आगामी बुधबार उक्त फेष्ट हुने भएको हो।

खेलकुद र सामाजिक कार्यमा क्रियाशिल बाझापाटन क्लबको आयोजना तथा सत्य युवा क्लबको प्रस्तुतिमा सांगीतिक कार्यक्रम आयोजना गर्न लागेको बि १३ का अध्यक्ष हितमान गुरुङले जानकारी दिए।

कार्यक्रमबाट बचेको रकम सामाजिक कार्यमा खर्च गर्ने उनले जानकारी दिए। उनका अनुसार सांगीतिक साँझमा दि लोकल्स, ड्रिर्मज, शैलु राई लगायतको प्रस्तुती रहनेछ।

उक्त कार्यक्रमका लागि टिकट शुल्क प्रि-सेल एक हजार र डोर-सेल एक हजार पाँच सय रुपैयाँ तोकिएको छ। उक्त कार्यक्रमका लागि बाझापाटन (बि १३) हङकङ, युके, युएसए, फ्रान्स, पोर्चुगल, युएई, क्रोशिया, पोल्याण्ड, मकाउ र जापानको सहयोग रहेको छ।

रोजगारको शिलशिलामा विदेश पुगेका युवाहरुले आफ्नो ठाउँको विकासका लागि विदेशमा समेत शाखा स्थापना गरि हरेक वर्ष विभिन्न सामाजिक कार्य गर्दै आइरहेको गुरुङले बताए।

# पोखरामा 'फाइनप्रिन्ट फिभर घुम्ती साहित्य उत्सव'

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

फाइनप्रिन्ट बुक्सको आयोजना र र्‍याण्डम रिडर्स सोसाइटीको सह-आयोजनामा पोखरामा बुधबार 'फाइनप्रिन्ट फिभर घुम्ती साहित्य उत्सव' भएको छ।

उत्सवमा ३ वटा सत्रमा छलफल गरिएको थियो। पहिलो सत्रमा सुबिन भट्टराइको पछिल्लो कृति 'चमेली फूल बैजनी रुमाल' पुस्तकमाथि लेखक भट्टराईसँग नायिका सनिशा भराईले संवाद गरेकी थिइन्। साहित्यकार सुबिन भट्टराईको मष्तिष्कमा लामो समयदेखि खेलिरहेका कथा सुबिन पुस्तकका लागि कथा लेखनमा लागेको बताए। 'कुनै पनि कथा मष्तिष्कमा लिंगरिङ गरेर बसिरह्यो भने आफूले आफूलाई त्यो विषय लेख्नुपर्छ भनेर निर्देशन दिन्छ,' सुबिनले पुस्तक लेख्नुअघिको कुरा सम्झिँदै भने, 'यसमा भएका कथाहरु पनि लामो समयदेखि मेरो मष्तिष्कमा रहेको थियो। पटक्कै जान मानेनन् र अब तैले लेख्नुपर्छ भनेर मलाई महसुस भयो र लेखेँ।'

पुस्तकमा समेटिएको कथा हरेक मानवको वरिपरि हुने सुबिनको अनुभव छ। 'कथाहरु हाम्रो वरिपरि नै रहेको सुबिनको अनुभव छ। हामी सबैसँग कथा छ। कसैले लेख्छ, कसैले भन्छ, आआफ्नो कुरा हुने रैछ,' उनले सुनाए। दोस्रो सत्रमा डा. नवराज केसीद्वारा लिखित स्वस्पर्शको स्पर्श पुस्तकमा आधारित रहेर लेखक डा. केसीसँग साहित्यकार उपेन्द्र पौडेलले संवाद गरेका थिए। संवादमा पुस्तकका लेखक डा. नवराज कसी जीवनको उत्तर दिने क्रममा 'खुसी भेट्नु अलिकति र अरुलाई खुसी दिनु अत्याधिक' हो भन्नेमा केन्द्रित थिए। आफूलाई आवश्यक परेको बस्तु उहीं बेला प्राप्त गर्नु नै जीवनको उद्देश्य भएको उनको भनाइ थियो। उनले भने, नहुँदा जति महत्व दिन्छौं त्यो हुँदा खेरी नै त्यसको महत्व दिऔं भन्नु नै जीवनको सबैभन्दा ठूलो उद्देश्य हो।' उनले आफ्नो पछिल्लो पुस्तकमा आमाको माया पनि झल्काएको सुनाए। पुस्तक लेख्ने क्रममा उनले धेरैभन्दा धेरैको जीवनका कथा संकलन गरी लेखन सुरु गरेको पनि उनले बताए। ती पात्रहरुकै अनुमतिमा कथा पुस्तकमा समेटिएको उनको भनाइ थियो। जसले गर्दा अन्यले प्रेरणा प्राप्त गर्न सकुन भन्ने उद्देश्य रहेको थियो।

आफ्नो पुस्तक पढेर निशब्द हुदैं जीवन बदलेको उदाहरण पनि आफूलाई इमेलमार्फत जानकारी गराएको प्रसंग पनि उनले सुनाए। 'मैले केही दिन यता मेरो इमेलमा धेरै म्यासेजहरु पाइरहेको छु। त्यो मध्ये एउटा बहिनीले लेखेको मन छुने म्यासेज छ, "मैले आत्महत्या गर्न डोरी किनिसकेको थिएँ। स्वस्पर्श पढैं डोरी हटाएँ र बाँच्न सुरु गरे", उनले भने, 'त्यसपछि उनको फेसबुक प्रोफाइल निरन्तर हेररहेको छु उनी नाचेको घुमेको फोटोहरु देख्छु। सायद मलाई संकलकबाट लेखक ती बहिनीले बनायो की जस्तो लाग्छ।' उत्सवको अन्तिम सत्रमा पछिल्लो समय प्रकाशित 'युगदेखि युगसम्म' पुस्तक माथि राजेश हमालले पत्रकार अपिल त्रिपाठीले संवाद गरे।

संवादमा अभिनेता हमालले आफ्ना विगतका धेरै कुरा सुनाए। उनीहरुबिचको कुराकानी 'युगदेखि युगसम्म' मा आधारित थियो। उक्त पुस्तक राजेश हमालको जीवन, सिनेमा र जीवनका विविध आयायलाई समेटिएर लेखिएको छ। उक्त सेसनमा राजेशले आफ्नो व्यक्तिगत जीवनसँगै राजनीतिक अवस्थाको बारेमा पनि चित्रण गरे। उनले राजनीतिमा चासो नराखे पनि राजनीतिले चासो राख्ने उल्लेख गरे। 'राजनीति एउटा यस्तो जटिल विषय हो। तपाईंले राजनीतिलाई चासो नराखेता पनि राजनीतिले तपाईंलाई चासो राख्छ,' उनले भने। राजनीति देशको मेरुदण्ड भएकाले कुनै पनि व्यक्ति राजनीतिक घेराबाट उम्किन नसक्ने अभिनेता हमालले बताए।

# प्रतिकूल ...

जनाउँदै उहाँले एयर इण्डियाको विमान लखनऊ डाइभर्ट भएको उल्लेख गर्नुभयो। अहिले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको भिजिबिलिटी दुई हजार ५०० मिटर रहेको प्रवक्ता शेर्पाले बताउनुभयो। इनरुट वेदर खराबीले आन्तरिक उडानमा समस्या भएको विमानस्थल कार्यालयले जनाएको छ।

यसैबीच जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल बङ्गालको खाडीमा विकसित चक्रवात 'मोन्था' कात्तिक ११ गते राति भारतको आन्द्र प्रदेशमा प्रवेश गरेको छ। त्यसपछि उक्त प्रणाली विस्तारै कमजोर हुँदै उत्तर, उत्तर-पश्चिम दिशातर्फ सर्दै न्यून चापीय क्षेत्रका रूपमा नेपालको मध्यभू-भाग नजिक आएर पूर्वतर्फ सर्दै गरेको छ। बिहीबारदेखि यही कात्तिक १५ गतेसम्म नेपालको बाग्मती, मधेस र कोशी प्रदेशको मौसम प्रभावित हुने महाशाखाले जनाएको छ। उक्त प्रणालीको प्रभावले मधेस र कोशी प्रदेशका अधिकांश स्थानमा तथा बाग्मती प्रदेशका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको छ। ती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले आवश्यक सर्तकता अपनाउन महाशाखाले सबैमा अनुरोध गरेको छ।

# अन्नपूर्ण ...

सुरक्षाकर्मीको टोली परिचालन भएको छ। जोमसोम देखि बुधबार गएको नेपाली सेना, शसस्त्र र जनपद प्रहरीको तालिमप्राप्त सुरक्षाकर्मीहरुको टोली बिहिबार बिहान समुन्द्रि सतहदेखि तीन हजार सात सय मिटर उचाईमा अवस्थित मार्फाको आलुबारी पुगेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद भुषालले बताउनुभयो। "पर्यटकको टोली हिडन भ्यालीबाट धम्पुल लेकमा आइपुगेको जानकारी पाएका छौ," उहाँले भन्नुभयो "सुरक्षाकर्मीको टोलीले बाटो बनाउदै लेकतर्फ गइरहेको छ। मौसमले साथ दिएमा दिउँसोसम्म सुरक्षाकर्मी र पर्यटकको भेट हुने अनुमान गरेका छौ।"जोमसोमस्थित नेपाली सेनाको उच्च शिखर शिक्षालयका सेनानी प्रशान्त बिष्टको नेतृत्वमा १५ तालिमप्राप्त सुरक्षाकर्मीहरु उद्धारमा परिचालन भएका हुन्।

# बेमौसमी वर्षाले गोरखाको धानबालीमा क्षति

**पोखरापत्र संवाददाता**
गोरखा, १३ कार्तिक

मङ्गलबार बिहानदेखि परेको अविरल वर्षाले जिल्लाको प्रमुख मानिने धानबालीमा क्षति पुर्‍याएको छ। वर्षाका कारण भित्र्याउन तयार भएको धानबालीमा क्षति पुगेपछि किसान चिन्तित भएका छन्।

गोरखा नगरपालिका-१० सिर्दीफाँट यतिबेला जलमय बनेको किसान तुलबहादुर थापाले बताउनुभयो। "तिहार लगत्तै धान काटेर भित्र्याउन ठिक्क पारेको बेला पानी पर्‍यो। गाउँका एक-दुई जना बाहेक सबैले धान काटेर खेतमा सुकाएका छन्", उहाँले भन्नुभयो, "धान भित्र्याउने तयारी भइरहँदा पानी परेर क्षति भयो। अहिले काटेर सुकाएको धान खेतमा डुबेको छ। नकाटेकाहरूको पनि पानीले बाला झारेको छ।" बेमौसमी वर्षात्का कारण वर्षभिरको मेहनत खेर जाने चिन्ता बढेको उहाँको भनाइ छ। बेमौसमी वर्षाले जिल्लाको धानबालीमा क्षति पुर्‍याएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख प्रकाश बस्ताकोटीले बताउनुभयो। उहाँका अनुसार यतिबेला जिल्लाका १० प्रतिशत किसानले धान भित्र्याइसकेका छन् भने करिब ४० प्रतिशतले धान काटिसकेका र ५० प्रतिशत किसान काट्ने तयारीमा छन्। वर्षाले विशेषगरी काटेर खेतमा सुकाएको धानबालीमा क्षति पुर्‍याएको उहाँले बताउनुभयो।

"यो यामको मुख्य बाली धान हो। किसानहरू यतिबेला धान भित्र्याउने काममा व्यस्त छन्। यस्तो अवस्थामा बेमौसमी वर्षा हुँदा किसानलाई असहजता भएको छ", बस्ताकोटीले भन्नुभयो, "अहिलेसम्मको अवस्था हेर्दा गोरखामा भारी वर्षा भएको छैन। पाक्दै गरेका र काटेर राखेका धानलाई दुई-तीन दिन घाममा सुकाएमा भित्र्याउन सकिन्छ।" वर्षा नरोकि पाक्दै गरेका र काटेर सुकाएका धानलाई समस्या नहुने भन्दै उहाँले थप वर्षा भएमा धान झर्ने समस्या हुनसक्नबताउनुभयो। जिल्लामा धानखेती हुने १० हजार १४० हेक्टरमध्ये गत वर्ष नौ हजार ५६२ हेक्टर क्षेत्रफलमा रोपाइँ गरिएको थियो। यस वर्ष क्षेत्रफल घटेर आठ हजार ५६५ हेक्टरमा मात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। गत वर्ष ३९ हजार ९०० मेक्ट्रिकटन धान उत्पादन भएकामा खडेरी र बाँझोपनका कारण यस वर्ष घट्ने अनुमान कृषि प्राविधिकले गरेका छन्। बेमौसमी वर्षात् का कारण पनि यो वर्ष धानको उत्पादन घट्नसक्ने केन्द्रका प्रमुख बस्ताकोटीले बताउनुभयो। गोरखामा रामधान, सावित्री, सुख्खा-२ लगायत उन्नत जातका र हाइब्रिडमा च्याम्पियन, युएस-३१२ धान रोपाइँ हुने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार केहीले स्थानीय जातका धानका बिउ पनि रोपेका छन्। जिल्लाको दरौँदीफाँट, सिर्दीफाँट, शेराफाँट, ज्यादुलफाँट, टारीफाँट, दर्बुङफाँट, बोर्लाङफाँटलगायत स्थानमा धान उत्पादन बढी हुने कृषि केन्द्रले जनाएको छ। जिल्लाको तल्लो भेगमा वर्षात् र माथिल्लो भेगमा भारी हिमपात भएको छ। उत्तरी गोरखाका विभिन्न गाउँबस्तीमा मङ्गलबार रातिदेखि हिमपात भइरहेको स्थानीयले बताएका छन्। हिमपात भएपछि जनजीवन प्रभावित भएको चुमनुब्री गाउँपालिका-७ का पासाङफुञ्जो लामाले जानकारी दिनुभयो। उ हाँले भन्नुभयो, "अहिले यहाँका नागरिक घरभित्रै आगो तापेर बसिरहेका छन्। चौरीहरू पनि भित्रकोभित्रै छन्।" उहाँका अनुसार यस वडाको तीन हजार मिटर भन्दा माथिको उचाइमा रहेका निले, छुले, पाङदुन, लार, फुर्पे, लामागाउँ, बुर्जी, जोङ, छेकमलगायत गाउँ हिउँले ढाकिएका छन्।

त्यस्तै वडा नं १ को सामागाउँ, साम्दो, वडा नं २ को स्याला, ल्होलगायत गाउँ पनि हिउँले ढाकिएको छ। हिउँ परेपछि मनास्लु क्षेत्र भ्रमणमा गएका पर्यटक पनि प्रभावित भएका छन्। पाँच हजार १०६ मिटर अग्लो स्थानमा पर्ने लार्केपासमा गएका पर्यटकहरू फर्किएका छन् भने कतिपय सामागाउँ, साम्दोमा रोकिएका स्थानीयले बताएका छन्। वर्षाले हालसम्म जिल्लाको कुनैपनि सडकखण्ड अवरुद्ध नगराएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिनुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- विदुरनीति

## सम्पादकीय

# जेनजी, दल र सरकारबीच त्रिपक्षीय वार्ता

जेनजी आन्दोलनपछि बनेको सरकारले पहिलोपटक सरकार, जेनजी प्रतिनिधि र राजनीतिक दलबीच संवाद थालेको छाप्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन प्रमुख दलहरू तयार रहेको दाबी सरकारले गरेको छ। बुधबार बालुवाटारमा भएको त्रिपक्षीय वार्तामा सहभागी दलहरूले निर्वाचनमा जान आफूहरू तयार रहेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेलले जानकारी दिएका छन।

उनका अनुसार नेकपा एमालेले भने सुरक्षालगायतका विषयमा प्रश्न उठाएको थियो । सबै राजनीतिक दलले चुनावमा 'जान्न' भन्नुभएन। नेपाली कांग्रेसका महामन्त्री र नेताहरूले सरकारले चुनाव गराओस्, जे जस्तो सहयोग चाहिन्छ सहयोग गर्न तयार छौं भन्नुभएको छ। त्यस्तै रास्वपाले पनि चुनावमा जान्छौं भनेको छ । जेनजी प्रतिनिधिहरू पनि चुनावको पक्षमा उभिनुभएको छ । एमालेले चुनावमा 'जाँदैनौं' भनेको छैन। चुनाव हुनुपर्छ र जानुपर्छ तर सुरक्षाको वातावरण बनोस् भन्नुभएको हो,' सञ्चारकर्मीसँग उनले भने। एमालेले सुरक्षाप्रति गम्भीर चासो देखाएको सहभागी नेताहरूले बताएका छन्।

दलहरूको सहभागिता र धारणाले भने चुनावको वातावरण बनेको मन्त्री खरेलको भनाइ छ। त्यस्तै नेकपा एकीकृत समावादी पार्टीका नेता राजेन्द्र पाण्डेले जेनजी प्रतिनिधिहरू संविधानको पक्षमा रहेको र चुनावमा सबै दलहरूको सहभागिता हुनुपर्नेमा जोड दिइएको बताए । उनले अधिकांश दलले चुनावमा जान तयार भएको देखिए पनि एमालेले संसद पुनःस्थापना गरेर जेनजीका माग पूरा गर्नुपर्नेमा जोडी दिएको बताए।

त्यस्तै जेनजी प्रतिनिधि खेमराज साउदले आफूहरू चुनावको पक्षधर भएको र सबै राजनीतिक दललाई चुनावमा सहभागी हुन आग्रह गरेको बताए। उनले फरक फरक जेनजी हुनु र उनीहरूको विचार फरक हुनु लोकतन्त्रमा स्वभाविक भएको बताए । सरकारले समयमै चुनाव गराउने प्रतिवद्धता जनाएको छ। बैठकमा सहभागी सागर ढकालले दललाई बाइपास गरेर चुनाव हुन नसक्ने धारणा राखेको बताए। उनले अबको चुनाव सुधारिएको हुनुपर्नेमा जोड दिएको बताए। त्यसमा विदेशीलाई मताधिकार दिने र प्रविधियुक्त निर्वाचन गर्नुपर्नेमा जोड दिएको उनको भनाइ छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# गलकोट नगर अस्पताल : सुत्केरी हुन अन्यत्र जानुपर्दैन

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ कार्तिक

बागलुङको गलकोट नगर अस्पतालमा प्रसूति हुन आउने गर्भवतीको संख्यामा पछिल्ला वर्षमा बृद्धि भएको छ। सो अस्पतालमा गत वर्षदेखि शल्यक्रियासहितको सेवा सुरुआत भएको थियो । सुत्केरीका लागि सामान्य सेवा लिन पनि पोखरा र काठमाडौँका अस्पतालमा पुग्नुपर्ने अवस्था अन्त्य भएको छ।

प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीति अनुसार नगरपालिकाले २०७९ पौस १७ गते गलकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी वडा नं ५ को हरिचौरमा १५ शय्याको नगर अस्पताल सञ्चालनमा ल्याएको छ। पहिले वार्षिक ५० जना सुत्केरी हुन आउने गरेकोमा अहिले त्यो सङ्ख्या बढेर करिब २०० पुगेको नगर अस्पताल प्रमुख डा राजेश पौडेलले जानकारी दिनुभयो । अस्पतालमा २०८१ असोज १६ गतेबाट शल्यक्रियामार्फत प्रसूति सेवा सुरु भएपछि पछिल्लो समय सुत्केरी हुन आउने महिलाको संख्या बढेको उहाँको भनाइ छ।

एक वर्षको अवधिमा ३५ जना गर्भवतीलाई शल्यक्रियामार्फत सुत्केरी गराइएको डाक्टर पौडेलले बताउनुभयो। गलकोटसँगै बागलुङको ढोरपाटन नगरापलिका, निसीखोला, ताराखोला, तमानखोला गाउँपालिकासहित गुल्मी र म्याग्दीका बिरामीले पनि यहाँबाट सेवा लिने गरेको डा पौडेल बताउनुहुन्छ । "अस्पतालप्रति विश्वास बढेर होला पछिल्लो समय धेरै बिरामी यहाँ आउनुहुन्छ, बागलुङका मात्रै होइन अन्यत्र जिल्लाबाट पनि बिरामी यस अस्पतालमा आएर सेवा लिइ राख्नु भएको छ, पहिले सुत्केरी हुनका लागि धेरै गर्भवती बागलुङ, पोखरा पुग्ने अवस्था थियो" डा पौडेलले भन्नुभयो, "अहिले यही आउने गर्नु भएको छ, अझ गतवर्षदेखि हामीले शल्यक्रियानै गर्न थालेपछि त झन् धेरै गर्भवती सुत्केरी हुन यहाँ आउनुहुन्छ।"

टाढाबाट सुत्केरी हुन आउनेका लागि अहिले अस्पताल परिसरमै प्रसूति प्रतिक्षा घर सञ्चालनमा ल्याइएको छ। जहाँबाट सुत्केरी र सुत्केरीका आफन्तले अस्पतालमा बस्दासम्म खाने र बस्नेको सुविधा पाउने भएका छन् । अस्पतालमै खाना बस्नको सुविधा पाएपछि गर्भवती र उनका आफन्तलाई सहज भएको छ । अस्पतालमा घरकै जस्तो वातावरण रहेको बडिगाड गाउँपालिका-६ बाट बुहारीलाई सुत्केरी गराउन आउनु भएकी रुपा सुनारले बताउनुभयो । बुहारीको शल्यक्रिया गरेर नवजात शिशु निकालेको जनाउँदै आफू पाँच दिनदेखि अस्पतालमा रहेको प्रसूति प्रतिक्षा घरमै बस्दै आएको उहाँको भनाइ छ । सुनारले भन्नुभयो, "यसभन्दा अगाडि अरु अस्पतालमा बिरामी भएर गएका थियौँ, त्यहाँ बस्ने, उभिने पनि ठाउँ पाएका थिएनौँ तर यहाँ त बासनै बस्न पाइने खाना पकाएर खान पाइने सुविधा रैछ, यहाँका डाक्टर र नर्सले पनि बिरामीको धेरै ख्याल गर्नु हुँदो रैछ, धेरै खुसी लाग्यो, यहाँको जस्तो सुविधा अरु अस्पतालमा भए कति सहज हुन्थ्यो होला ?" अहिले अस्पतालमा चौबीसै घण्टा इमर्जेन्सी सेवा, फिजियोथेरापी, भिडियो एक्सेर, पोष्टमार्टम, प्रसूति सेवा, डिभियो एक्सरे, दन्तरोगको उपचारलगायतका सेवा प्रभावकारी भइरहेका छन् । गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले नगर अस्पताल सञ्चालनमा आएपछि नागरिकले हजारौँ रकम खर्च गरेर टाढा जानु पर्ने बाध्याता हटेको बताउनुभयो । गाउँ ठाउँमै विशेषज्ञ स्वास्थ्य सेवा दिनका लागि नगरपालिकाले धेरै मेहनत गरेको उहाँको भनाइ छ । अब कोही पनि नागरिक पहिलेको जस्तो सामान्य उपचारका लागि पनि ठूला सहरमा जान नपर्ने प्रमुख गैरे बताउनुहुन्छ।

# महायज्ञमा ७० लाख दान संकलन

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ कार्तिक

आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरी बूढीमाई मन्दिरको बृहत्तर विकासका लागि सञ्चालित श्रीमद्भागवत ज्ञान महायज्ञको पाँचौं दिन बुधबार रु १७ लाख दान सङ्कलन भएको छ।

आँबुखैरेनी-३ मा सञ्चालित महायज्ञमा उक्त दिन रु १७ लाख दान सङ्कलन भएको महायज्ञ मूलसमारोह समितिका आर्थिक संयोजक मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार हालसम्म रु ७० लाख सङ्कलन भएको छ । जिल्लाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरी बूढीमाई क्षेत्रको विकासका लागि रकम सङ्कलन गर्ने उद्देश्यसहित सुरु भएको महायज्ञ यही कात्तिक १५ गतेसम्म चल्नेछ । महायज्ञबाट रु दश करोड आर्थिक सङ्कलन गर्ने लक्ष्य राखिएको छ, भने करिब रु ५० लाख खर्च हुने अनुमान छ । महायज्ञमा वाचन प्रवीण पण्डित दिनबन्धु पोखेलले कथा वाचन गर्नुभएको छ। गोरखा मनकामनाकी दिदीका रुपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको बताइन्छ । सात देवीमध्ये जेठी बूढीदेवीमाईरमाइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन्, भने साइली गोरखकालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । छिम्केश्वरीबाट धौलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायतका हिमाल हेर्न सकिन्छ। महाभारत शृखलाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने गाउँपालिकाको लक्ष्य छ। धार्मिक पर्यटन केन्द्र बनाउनका लागि यस ठाउँलाई प्राथमिकता दिइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । छिम्केश्वरीमा हाल वार्षिक रुपमा एक लाख पर्यटक आउने गरेका छन् । विशेषगरी यहाँ फागुपूर्णिमा, वैशाख १ गतेको नयाँ वर्ष लगायतका बेला यहाँ पर्यटकको ठूलो भीड लाग्ने गरेको छ । त्यसका अलवा दैनिक रुपमा पनि यहाँ पर्यटकको आगमन बढिरहेको छ। छिम्केश्वरी मन्दिर पुग्नका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण गरिएको छ । आर्थिक वर्ष २०७५/७६ मा रु ४१ लाख ६३ हजार ७०६ को लागतमा ४८६ मिटर ढुङ्गाको सिँढी निर्माण सम्पन्न भएको छ भने आर्थिक वर्ष २०७६/७७ मा रु ३५ लाख ९९ हजार १४१ को लागतमा ३०५ मिटर ढुङ्गाको सिँढी र रेलिङ निर्माण सम्पन्न भइसकेको छ।

# पर्यटन प्रवर्द्धन तथा आयआर्जनका लागि पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

भीरकोट नगरपालिका-४ सिसौघारीमा मन्दिरसहितको तलाउ निर्माण थालिएको छ । मन्दिरसहितको तलाउलाई धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै आम्दानीको स्रोतको रुपमा विकास गर्ने उद्देश्यले पालिकाल निर्माण थालेको हो । सहरी विकास मन्त्रालय सहरी विकास तथा भवन निर्माण विभाग कास्कीको एकीकृत सहरी पूर्वाधार कार्यक्रमअन्तर्गत तलाउ, मन्दिरसहित पक्की सडक निर्माण गरिने भएको विभागका इञ्जिनियर अच्युत पौडेलले जानकारी दिनुभयो।

"आयआर्जनको स्रोतको रुपमा बीचमा मन्दिरसहितको तलाउ निर्माण भइरहेको छ", उहाँले भन्नुभयो, "त्यहाँसम्म पुग्न पक्की पहुँच मार्ग निर्माण गरिने छ । सबै काम पूरा गर्न रु १२ करोड ८० लाख विनियोजन गरिएको छ।" आगामी फागुन सम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य छ । तलाउमा निर्माण गरिएको मन्दिरमा शिवपार्वती र गणेशको मूर्ति प्रतिस्थापन गरिने छ।

# देउसीभैलोको रकमले 'बास्केटबल कोर्ट' निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, १३ कार्तिक

देउसीभैलोबाट सङ्कलित रकमले सदरमुकाम कुश्मामा 'बास्केटबल कोर्ट' निर्माण सुरु भएको छ।

पर्वत जिल्ला बास्केटबल सङ्घले कुश्मा नगरपालिका-५ स्थित बडागाउँमा कोर्ट बनाउन थालेको हो। जिल्ला बास्केटबल सङ्घका अध्यक्ष मीनबहादुर पुनले देउसीभैलोबाट सङ्कलित रु पाँच लाख ८७ हजार ९८६ कोर्ट निर्माणमा उपयोग गरिएको जानकारी दिँदै सङ्घका सबै पदाधिकारी श्रमदानमा जुटेका बताउनुभयो । अपुग रकम कुश्मा नगरपालिकाले प्रदान गर्ने नगरपालिकाका प्रमुख रामचन्द्र जोशीले बताउनुभयो। कोर्टमा फाइबर बोर्ड, प्यारापिट, तारजालीलगायतका संरचना निर्माण हुने अध्यक्ष पुनले जानकारी दिनुभयो। कोर्ट रु १४ लाखमा पूरा लक्ष्य रहेको उहाँले सुनाउनुभयो। साथै अध्यक्ष पुनले देशविदेशमा रहेका पर्वतका बास्केटबलप्रेमीलाई कोर्ट निर्माणमा सहयोग गर्न अनुरोध गर्नुभएको छ।

# स्याङ्जामा दुई हजार बढि मतदाता थपिए

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ कार्तिक

स्याङ्जा जिल्लामा दुई हजार भन्दा बढि मतदाता थपिएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता नामावली अध्यावधिक गर्ने काम जारी छ।

सरकारले अध्यादेश ल्याएसँगै दैनिक ४० देखि ५० जनासम्म नयाँ मतदाताले फोटो खिचाउने गरेका छन् । कात्तिक मसान्तसम्म अध्यावधिक गर्ने सिलसिला जारी रहने छ। अघिल्लो चुनावको तुलनामा जिल्लामा मतदाता संख्या घटेको छ। फागुन २१ मा हुने निर्वाचन प्रयोजनाका लागि हालसम्म दुई लाख ४१ हजार ६९९ मतदाता छन् भने २०७९ को चुनावमा दुई लाख ४४ हजार ८९ जना मतदाता थिए । यस अवधीमा चार हजार ४७ जनाको मतदाता सूचीबाट नाम हटाइएको जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका प्रमुख श्रीराम थापाले जानकारी दिए । मृत्यु भएका तीन हजार ४४६ जना, दोहोरो नामावली भएका ५९० जना र नागरिकता त्याग गर्नेमा ११ जना रहेको थापाले जनाए । अघिल्लो निर्वाचनको तुलनामा दुई हजार ३९० मतदाता घटेका हुन् । यसैबीच आगामी फागुन २१ को चुनावलाई मध्यनजर गरी जिल्ला मतदानस्थल तथा मतदान केन्द्र निर्धारण सिफारिस समितिको बैठकले वर्तमान परि स्थितिमा चुनावले मात्रै निकास दिने अवस्था छ, त्यसैले सबैले सहकार्य गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्यालले जानकारी दिए।

मतदाता नामावलीका लागि फोटो खिच्न निर्वाचन कार्यालयमै जानुपर्ने बाध्यता रहेको छ । देशका जुनसकै जिल्ला निर्वाचन कार्यालयमा गएपनि फोटो खिच्न पाइने थापाले बताए । नेपाली नागरिकताको प्रमाणपत्र, विवाह भएको खण्डामा विवाहको प्रमाणपत्रको कागजात भए बाहिरी जिल्लामा मतदाता नामावलीमा नाम दर्ता गर्न पाईने कार्यालयले जनाएको छ।


## बिरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बिरुवा, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०७/१४**

**यस गाउँपालिका कार्यालयको बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा आ.ब. २०८२/८३ का लागि e-bid मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित तथा सारभूत रुपले प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७(२) र दफा ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।**

**तपशिल**

| क्र. सं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (VAT र PS समेत) |
|---|---|---|---|
| 1. | Narayanashwor Shiva Mandir Dharmashala Nirman (Contract ID No: NCB/BRM/ORKS/001/2082-83) | Lamage Builders Pvt. Ltd. Putali Bazar-14, Syangja | NRs. 2469782.32 |
| 2. | Building Construction Works of Tarle Community Health Unit (Contract ID No: NCB/BRM/ORKS/002/2082-83) | Satya Nirman Sewa Putali Bazar-1, Syangja | NRs. 3762937.54 |
| 3. | Upgrading of Belghari Methabhurung Sapaude Road (Contract ID No: NCB/BRM/ORKS/003/2082-83) | Manakamana Engineering Design & Build Pvt. Ltd. Pokhara-17, Kaski | NRs. 3590179.90 |
| 4. | Upgrading of Shikharsingh Daha Road (Contract ID No: NCB/BRM/ORKS/004/2082-83) | Samaye Nirman Sewa Biruwa-1, Syangja | NRs. 2100279.85 |
| 5. | Methabhurng Bazar Dhal Byawasthapan Karye (Contract ID No: NCB/BRM/ORKS/005/2082-83) | Samaye Nirman Sewa Biruwa-1, Syangja | NRs. 2381502.53 |
| 6. | Upgrading of Biruwa Khali Road (Contract ID No: NCB/BRM/ORKS/006/2082-83) | Lamage Builders Pvt. Ltd. Putali Bazar-14, Syangja | NRs. 2385793.24 |
| 7. | Upgrading of Barahate Manakamana Road (Contract ID No: NCB/BRM/ORKS/007/2082-83) | Manakamana Engineering Design & Build Pvt. Ltd. Pokhara-17, Kaski | NRs. 1690896.58 |
| 8. | Upgrading of Bhuwan Chinnebas Ramkithumki Road (Contract ID No: NCB/BRM/ORKS/008/2082-83) | Manakamana Engineering Design & Build Pvt. Ltd. Pokhara-17, Kaski | NRs. 5631635.17 |

**प्रमुख प्रशासकीय अधिकृत**

# आजीवन राजनीति गरेकाहरुबाट हुन नसकेपछि समाज अन्योलतामा पर्‍यो: राजेश हमाल

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

अभिनेता राजेश हमाल बुधबार पोखरामा आफ्ना जीवन, भोगाई र सिनेमाका विषयमा खुलेर गाफिए । फाइनप्रिन्ट बुक्स र र्‍यान्डम रिडर्स सोसाइटीको आयोजनामा भएको फाइनप्रिन्ट फिभर घुम्ती साहित्य उत्सवको अन्तिम सेसन हमालले पत्रकार अपिल त्रिपाठीसँग आफ्ना धेरै विगतका कुरा खोले । उनीहरुबिचको कुराकानी 'युगदेखि युगसम्म' मा आधारित थियो । उक्त पुस्तक राजेश हमालको जीवन, सिनेमा र जीवनका विविध आयायलाई समेटिएर लेखिएको छ ।

उक्त सेसनमा राजेशले आफ्नो व्यक्तिगत जीवनसँगै राजनीतिक अवस्थाको बारेमा पनि चित्रण गरे । उनले राजनीतिमा चासो नराखे पनि राजनीतिले सबैलाई चासो राख्ने उल्लेख गरे । 'राजनीति एउटा यस्तो जटिल विषय हो । तपाईंले राजनीतिलाई चासो नराखेता पनि राजनीतिले तपाईंलाई चासो राख्छ,' उनले भने ।

आजीवन राजनीति गरेकाहरुबाट हुन नसकेपछि समाज




अन्योलतामा परेको हमालले बताए । 'जो व्यक्तिले आजीवन राजनीतिमा लाग्छु भनेर आफ्नो पहिलो खुड्किला टेक्यो । समाजको सेवा गर्छु राजनीतिबाट लाग्नुभयो । उहाँहरुबाट राजनीति हुन सकेन,' उनले भने, 'त्यसकारण पनि समाज अन्योलतामा परेर यो व्यक्तिबाट हुन्छ कि यो क्षेत्रमा हाकेको व्यक्ति राजनीतिमा आयो भने राम्रो हुन्छ कि भनेर समाजमा विमर्श हुन्छ ।' राजनीति देशको मेरुदण्ड भएकाले कुनै पनि व्यक्ति राजनीतिक घेराबाट उम्किन नसक्ने अभिनेता हमालले बताए । उनले भने, 'हरेक व्यक्तिले आआफ्नो क्षेत्र भएपनि राजनीतिमा किन चासो राख्नुपर्छ भने राजनीति भनेको साच्चीकै राष्ट्रको मेरुदण्ड हो ।' हमालले हरेक क्षेत्रमा लागेको व्यक्तिले समाजप्रति आफ्नै किसिमको योगदान दिने उल्लेख गरे । उनले भने, 'हरेक क्षेत्रमा लागेको व्यक्तिले समाजप्रति आफ्नै किसिमको उत्तरदायित्व बहन गर्छन् । जो व्यक्ति राजनीतिमा डुबेको छ । आफ्नै पेशागत हिसाबबाट समाजलाई सम्बोधन गर्ने प्रयास गरेका हुन्छन् ।' पुस्तक नितान्त जीवन र भोगाइका बारेमा लेखिएको अभिनेता हमालले बताए । 'यो पुस्तक मेरो जीवनी र मेरा जीवनका अनुभवका बारेमा हो । त्यसलाई हामीले नितान्त सत्यता, खुला रिदयका साथ अतिरञ्जित नगरिकन, फूलबुट्टा नभरिकन, हुबहुँ लेख्ने प्रयास गरेका छौं,' उनले भने । जीवनकालमा आफुसँग जोडिएका व्यक्तिहरुको संवेदनशीललाई ख्याल गरी समावेश गरिएको हमालले उल्लेख गरे ।

नितान्त व्यक्तिगत सोचका साथ चलचित्रमा लागेको अभिनेता हमालले बताए । 'म चलचित्रमा लाग्दा परिवारबाट सर्पोट गर्नुभएको थिएन । आफ्नो व्यक्तिगत चाहनाका कारण चलचित्रमा लागेँ,' उनले भने, 'चलचित्रबाट सफल भएको कुरा परिवारलाई सुनाउन पाइनँ ।'

संवादमा अभिनेता हमालले आगामी दिनमा राजनीति आउने संकेतसमेत गरे । तपाईं राजनीतिमा आउनुहुन्छ ? भन्ने प्रश्नमा राजेशले भने, 'म तपाईंलाई ठोस निर्णय दिन सक्दिन । म राजनीतिक पृष्ठभूमिको होइन । मसँग कुनै संगठन पनि छैन । मैले कुनै संगठनलाई नेतृत्व पनि दिइराखेको छैन । म कुनै पदमा भएर, निस्कासन भएर फेरि कसरी लाग्नुहुन्छ भन्ने परिबन्धमा पनि छैन ।'उनले थपे, 'म असाध्यै स्वतन्त्र व्यक्ति छु र एउटा पेसालाई हाकिरहेको छु । तर जो कोहीलाई राजनीतिमा किन चासो छ भने आफ्नो समाज सहि दिशामा जाओस् ।'

# 'दाता' को सहयोगले गौ संरक्षण केन्द्र सञ्चालनमा सहज

पोखरापत्र संवाददाता
दमौली, १३ कार्तिक

यहाँ छाडा गाई रेखदेखका लागि गौ संरक्षण केन्द्र सञ्चालन गरिएको छ । यो केन्द्र विसं २०७६ देखि यहाँको व्यास नगरपालिका-१० दुम्सीमा सञ्चालनमा छ ।

जथाभावी गाई छाडिदिँदा दुर्घटना बढ्ने र फोहर हुने क्रम बढेपछि व्यास नगरपालिकाले यो केन्द्र स्थापना गरेको हो, तर यसको व्यवस्थापनमा भने विभिन्न सङ्घसंस्था तथा व्यक्तिहरूको सहयोग महत्त्वपूर्ण छ ।

गौ संरक्षण समितिका अध्यक्ष तुल्सीराम सापकोटाले संरक्षण केन्द्रमा हाल एक सय ५० भन्दा बढी गाई रहेका र यसको व्यवस्थापन जन्मदिन, वैवाहिक वर्षगाँठको अवसर पारेर व्यक्ति तथा संस्थाहरूले दिने सहयोगबाट हुँदै आएका बताउनुभयो । दानी व्यक्ति तथा सङ्घसंस्थाले विविध अवसर पारेर सहयोग गर्दा केन्द्र सञ्चालनमा सहज भइरहेको उहाँको भनाइ छ । नगरपालिकाले तत्कालीन वडाध्यक्षसमेत रहनुभएका सापकोटाको संयोजकत्वमा अध्ययन समिति गठन गरेर केन्द्र स्थापनाको प्रारम्भ गरेको थियो । मादी नदी किनारमा रहेको तीन सय रोपनी सार्वजनिक जग्गालाई तारबार गरेर केन्द्र सञ्चालनमा ल्याइएको छ । समितिका अध्यक्ष सापकोटाले भन्नुभयो, "त्यतिखेर तीन सय रोपनी तारबार गर्ने सामर्थ्य पनि थिएन । प्रत्येक वर्षको बजेटबाट विभिन्न चरण गरी तीन सय रोपनी जग्गा केन्द्र सञ्चालनका लागि संरक्षण गरेका छौ । केन्द्र स्थापना भएपछि विभिन्न ठाउँबाट गाई ल्याइन क्रम बढेको छ ।"

गाईले दूध दिन छाडेपछि गाईलाई कहाँ लैजाने भनेर समस्यामा मानिस यसबाट लाभान्वित भइरहेका छन् । संरक्षण केन्द्रमा रहेका गाईहरू मरेपछि पनि त्यसको उपयोग गर्नेबारे योजना बनिरहेको संरक्षण समितिले जनाएको छ । "गाई मरेपछि केन्द्र आसपास रहेका गिद्धहरूको आहारका रूपमा प्रयोग गरिएको छ । छाला काडेर राखिदिन्छौँ, गिद्ध आएर खान्छन् । हड्डीलाई खाल्डो खनेर पुर्ने गरेका छौँ । अब भने हड्डीबाट पनि आम्दानी लिने सोचका साथ अगाडि बढेका छौँ, त्यसका लागि उपकरण खरिद गर्ने तयारी छ", सापकोटाले भन्नुभयो ।

यही स्थानबाट दमौली बजारमा उत्पादित हुने कुहिने फोहरबाट बायोग्याससमेत उत्पादन गर्ने गरिरहेको छ । गाईको संरक्षणका साथै फोहर व्यवस्थापनरबाट ग्यास उत्पादन गरिएको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो ।

संरक्षण केन्द्र व्यवस्थापनका लागि व्यास नगरपालिकाको सहयोगमा तीन र केन्द्रबाट एक गरी चार जना कर्मचारी नियुक्त गरिएको छ । नगरपालिकाले परालका लागि मासिक रु पाँच लाख सहयोग गरिरहेको जनाइएको छ ।

# 'मष्तिष्कमा भएका कथाहरु निस्कनै मानेनन्, अनि लेख्न सुरु गरेँ'

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

साहित्यकार सुबिन भट्टराईको मष्तिष्कमा लामो समयदेखि केही कथाहरु खेलिरहेका थिए । कुनै कथा उनी कतै घुम्न जाँदाका थिए त कुनै कथा कसैलाई संगत गर्दाका । ती कथा सुबिनको मष्तिष्कमा बसिरहे । लामो समय मष्तिष्कमा खेलिरहेपछि सुबिनलाई लाग्यो -अब ती कथा लेख्नुपर्छ । त्यसपछि सुबिन पुस्तकका लागि कथा लेखनमा लागे ।

'कुनै पनि कथा मष्तिष्कमा लिंगरिङ गरेर बसिरह्यो भने आफूले आफूलाई त्यो विषय लेख्नुपर्छ भनेर निर्देशन दिन्छ,' सुबिनले पुस्तक लेख्नुअघिको कुरा सम्झिँदै भने, 'यसमा भएका कथाहरु पनि लामो समयदेखि मेरो मष्तिष्कमा रहेको थियो । पटक्कै जान मानेनन् र अब तैले लेख्नुपर्छ भनेर मलाई महसुस भयो र लेखेँ ।' पोखराको सिटी स्क्वायर ब्याङ्क्वेटमा बुधबार आयोजित फाइनप्रिन्ट फिभर घुम्ती साहित्य उत्सवको पहिलो सेसनमा गाफिँदै थिए, सुबिन । 'चमेलीको फूल बैजनी रुमाल' पुस्तकमाथिको विमर्शमा सुबिनको वार्तालापमा थिइन्, अभिनेत्री सनिशा भट्टराई । जसको बन्दोबस्त गरेको थियो, फाइनप्रिन्ट बुक्स र र्‍यान्डम रिडर्स सोसाइटीले ।




पुस्तक लेखेपछि लेखक सुबिनलाई पुस्तकको नाम जुटाउन केही समय लाग्यो । पुस्तकमा ७ वटा फरकफरक कथा छन् । उनीहरुका आआफ्नै फरकफरक शीर्षक थिए । तर, पुस्तकको शीर्षक भने तयार थिएन । पुस्तकको मर्मअनुसार उनले नाम तयार गरे -'चमेलीको फूल बैजनी रुमाल' । उनी आफैलाई उक्त नाम लामो लागेको थियो । पाठकबाट पनि उनलाई नाम लामो भएको प्रतिक्रिया दिएका थिए । तर, सुबिनले लामो शीर्षक भएपनि पुस्तकको मर्मअनुसार रहेको निचोडमा पुगे । सुबिन आफैलाई कविता जस्तो लाग्छ । उनी भन्छन्, 'यो पुस्तकको शीर्षक यसअघिका कृतिभन्दा लामो छ । तर, उच्चारण गरिराख्दाखेरि अभ्यस्त हुन्छ । अहिले चमेलीको फूल बैजनी रुमाल' भन्दा आफैलाई आनन्द लाग्छ । त्यो लेखकको आनन्द हो जस्तो लाग्छ ।' उक्त पुस्तकमा फरकफरक ७ कथा छन् । ती कथाहरु लामो समयदेखि आफ्नो मष्तिष्कमा रहेको मध्ये रहेको सुबिन बताउँछन् । उनले हरेक मान्छेहरुसँग संगत गर्दाखेरि, हरेक ठाउँमा जादाखेरि त्यहाँ कथाको सम्भावना कति छ भनेर लोभी नजरले हेर्ने सुबिन सुनाउँछन् । तर, लेख्नुबित्तिकै लेखिहाल्ने स्वभाव उनीमा छैन । केही समय त्यसलाई उनी दिमागमै हुर्काउन थाल्छन् । मष्तिष्कबाट हट्न नमानेपछि मात्रै उनी लेख्न थाल्छन् । कथा हरेक मानवको वरिपरि हुने सुबिनको अनुभव छ । 'कथाहरु हाम्रो वरिपरि नै रहेको सुबिनको अनुभव छ । हामी सबैसँग कथा छ । कसैले लेख्छ, कसैले भन्छ, आआफ्नो कुरा हुने रैछ,' उनले सुनाए । युवा पुस्ताको रोजाईमा पर्न सफल मध्यको एक हुन्, साहित्यकार सुबिन । इजोरिया पुस्तकले उनको उचाईमात्र चुलाएन, मदन पुरस्कारको मनोनयनमा पार्न समेत सफल रह्यो । 'अरु किताब बेस क्याम्पमा पुग्यो, इजोरिया टुप्पो मै पुग्यो कि भन्ने लाग्छ । मधेशमाथि बसेको किताबमा मधेशको फेबरमा लेख्न नसक्ने हो भने यो अवस्थामा पुग्ने थिएन,' सुबिनले भने ।

उनै सुबिनलाई बेलाबखत पाठक केन्द्रीत गरेर पुस्तक लेख्ने गरेको आरोप पनि लाग्दै आएको छ । तर, उनले जहिले पनि कथा नै केन्द्रमा राखेर पुस्तक लेख्ने गरेको बताउँछन् । 'कथाको केन्द्रमा जहिलेपनि कथा नै हुने रैछ । पाठक अलिकति सेकेन्डरी कुरा भन्छु म । लेख्नेबेला सबै पाठकलाई खुसी बनाउनु भनेर लेख्न सकिँदैन । एउटा मेजर पाठकलाई खुसी बनाउन सक्यो भने त्यो चाहिँ लेखकका लागि सबैभन्दा राम्रो कुरा हो,' उनी भन्छन् । आफूलाई सानैदेखि कम्तीमा एउटा किताब लेख्नु नै भन्ने लागेको सुबिन बताउँछन् । अहिले भने लेखन नै रोजीरोटी बनेको उनको भनाइ छ । 'जिन्दगीमा एउटा किताब लेख्छु, एउटा किताब नलेखी मर्दैन भनेर भन्ने थियो । कथामा रमाउँछु भन्ने एक्सप्लोर गरिसकेको थिए,' उनले भने, 'अहिले लेखन मेरो रोजीरोटी नै बन्न पुग्यो ।'

HIMALAYANLIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
| --- | --- | --- | --- |
| १ | PLI १६१०००८१३९ | आकृति सुवेदी | हंसपुर-४, कास्की |
| २ | PLI १६१०००२८६६ | सुनिता थापा | पोखरा-८, कास्की |

## आवश्यकता

यस श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडीमा तपसिल बमोजिमको अस्थायी करार दरबन्दीको कार्यालय सहयोगी आवश्यक भएको हुँदा वि.व्य.स.को २०८२/७/१३ गतेको निर्णय तथा शिक्षा महाशाखाको प.सं. २०८२/०८३ च.न. १९३ को अनुमती अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**१. विज्ञापन न.** : २/२०८२, **२. पद:** कार्यालय सहयोगी,
**३. पद संख्या** : १ (एक),
**४. आवश्यक शैक्षिक योग्यता** : कक्षा ८ उर्तिण,
**५. उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,
**६. तलब तथा सेवा सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार,
**७. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:** नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताका प्रतिलिपी २/२ प्रति,
**८. दरखास्त दिने मिति:** २०८२/७/१४ देखि २०८२/७/२८ गतेसम्म
**९. दरखास्त दिने स्थान** : श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडी, कास्की
**१०. परीक्षाको किसिम** : अन्तरवार्ता
**११. परीक्षा दस्तुर** : रु. ५००/- (पाँच सय रुपैया)
**१३. सम्पर्क मिति** : २०८२/०७/२९ गते
**१४. सम्पर्क:** ९८४६३६६८८२

प्रधानाध्यापक
**श्री भगवती आधारभूत विद्यालय**
**पोखरा-२२, कालाबाङ घरेडी, कास्की**

# 'आफूले आफैलाई कसरी महसुस गरिरहेको छ, त्यो क्षण नै स्वस्पर्श हो'

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

डा. नवराज केसीले काम गर्ने अस्पतालमा छट्पटाइरहेही एक वृद्धालाई अक्सिजन दिएर तंग्रिएपछि ती वृद्धाले भनिन्, 'यो हावा जुन मैले लिइरहेको छु यो कति गुलियो हो ।' कुनै सुगन्ध र स्वाद नभए पनि उनले जीवनको स्वाद महसुस गरिरेहकी थिइन् त्यसैले उनलाई अक्सिजन गुलियो लागेको थियो । यही उदाहरण दिदैं डा. केसी भन्छन्, 'प्रत्येक क्षणमा आफूले आफूलाई कसरी महसुस गरिरहनु भएको छ त्यो क्षण स्व हो र स्वस्पर्श पनि हो ।'

पोखरा न्यूरोडस्थित सिटी स्क्वायरमा आयोजित फाइनप्रिन्ट फिभर घुम्ती साहित्य उत्सवमा साहित्यकार उपेन्द्र पौडेलसँग डा. नवराज केसी आफ्नै कृति स्वस्पर्शको स्पर्श पुस्तक माथि जीवन, खुसी, आशा अनि प्रेरणाका विषयमा गफिए । हरेक विषयमा कथा बनाउन माहिर डा. केसी कथाकै माध्यमबाट जिज्ञासा र प्रश्नका जवाफ दिइरहेका थिए । जसको चाँजोपाजो फाइनप्रिन्ट बुक्स र र्‍यान्डम रिडर्स सोसाइटीले मिलाएको थियो ।

उत्सवमा जीवनको उत्तर दिने क्रममा 'खुसी भेट्नु अलिकति र अरुलाई खुसी दिनु अत्याधिक' हो भन्नेमा केन्द्रित थिए । आफूलाई आवश्यक परेको बस्तु उहीं बेला प्राप्त गर्नु नै जीवनको उद्देश्य भएको उनको भनाइ थियो । उनले भने, नहुँदा जति महत्व दिन्छौं त्यो हुँदा खेरी नै त्यसको महत्व दिऔं भन्नु नै जीवनको सबैभन्दा ठूलो उद्देश्य हो ।' गफ कै क्रममा मध्यस्तकर्ता उपेन्द्र पौडेलेले डा. केसीलाई तपाई कति मात्रामा संकलक, कति मात्रामा लेखक? भन्ने प्रश्नमा उनले हरेक लेखक सुरुमा संकलन हुनैपर्ने प्रतिउत्तर दिए । सोही प्रसंगमा डाक्टर हुन गाह्रो, लेखक हुन झन गाह्रो, त्यो भन्दा डाक्टर बनाउन अझ गाह्रो हुने बताएका थिए । एक हजामसँगको वार्तालापको प्रसंग सुनाउँदै उनले भने, 'यो डाक्टर हुनुभन्दा डाक्टर बनाउ झनै गाह्रो छ । किन भने मलाई मेरी आमाले बारीमा टमाटर फलाएर एक एक किलो टमाटरको हिसाव राखेर




मलाई डाक्टर बनाउनुभएको हो ।'

उनले आफ्नो पछिल्लो पुस्तकमा आमाको माया पनि झल्काएको सुनाए । पुस्तक लेख्ने क्रममा उनले धेरैभन्दा धेरैको जीवनका कथा संकलन गरी लेखन सुरु गरेको पनि उनले बताए । ती पात्रहरुकै अनुमतिमा कथा पुस्तकमा समेटिएको उनको भनाइ थियो । जसले गर्दा अन्यले प्रेरणा प्राप्त गर्न सकुन भन्ने उद्देश्य रहेको थियो ।

संवादकै क्रममा उनले आफ्नो पुस्तक स्पस्पर्शको चर्चा पनि गर्न भ्याए । संसारमा लेख्न, पढ्न र बोल्न नसक्नेहरुको पनि कथा हुने भएकाले उनीहरुको कथाले अरुलाई प्रेरणा दिन सकिन्छ भन्ने उनको धारणा छ । उनीलाई साहित्यले बाध्न सक्नुपर्ने उनको तर्क छ । 'भुइँमान्छेका कथाहरु संकलन गर्न सकिदैन् । किनभन उनीहरुले बोल्न र लेख्न जानेका छैनन् । यहीनेर त साहित्यको काम छ,' उनले भने, 'खुरुखुरु औषधि बेचिरहेको डाक्टरले लेख्नुपर्छ । साहित्य भाषाभन्दा माथि किन छ भने जहाँ शब्दैशब्दले तपाईंलाई निशब्द बनाउँछन त्यहाँबाट साहित्य सुरु हुन्छ ।'

आफ्नो पुस्तक पढेर निशब्द हुदैं जीवन बदलेको उदाहरण पनि आफूलाई इमेलमार्फत जानकारी गराएको प्रसंग पनि उनले सुनाए । 'मैले केही दिन यता मेरो इमेलमा धेरै म्यासेजहरु पाइरहेको छु । त्यो मध्ये एउटा बहिनीले लेखेको मन छुने म्यासेज छ, "मैले आत्महत्या गर्न डोरी किनिसकेको थिएँ । स्वस्पर्शको स्पर्श पढेँ डोरी हटाएँ र बाँच्न सुरु गरे", उनले भने, 'त्यसपछि उनको फेसबुक प्रोफाइल निरन्तर हेररहेको छु उनी नाचेको घुमेको फोटोहरु देख्छु । सायद मलाई संकलकबाट लेखक ती बहिनीले बनायो की जस्तो लाग्छ ।' डाक्टर भएर बाँचिरहँदा तन र मनको उपचार गर्न सक्नुपर्नेमा उनले जोड दिए । 'अस्पतालमा मान्छेहरु रोग मात्र होइन् ऋण पनि बोकेर आएका हुँदा रहेछन् । मलाई यो बुझ्न धेरै समय लाग्यो,' उनले भने, 'त्यसैले तन र मनको रोग सँगसँगै चल्छ । जसले रोगको निवारण गर्ने हो उसले पनि तन र मनै खालेर हेरिरहेको छ की छैन् भन्ने कुरा महत्वपूर्ण हुन्छ ।' सोही विषयमा उनले धर्म विनाको कर्मको अर्थ नहुने तर्क दिएका थिए । उनले आफ्नो पुस्तक स्वस्पर्शको स्पर्शमा बुद्धको ज्ञानलाई विज्ञानसँग जोडेको प्रसंग पनि सुनाए । नेपाली साहित्यको पाइला पाइलामा बौद्ध दर्शन भएको तर त्यसलाई विश्वव्यापी गर्न चुकिरहेको उनको भनाइ थियो । 'म घरै बसेर मेरो कर्मको माध्यमबाट बुद्धत्व प्राप्त गर्छु,' उनले भने, 'म बिरामी जाच्दा जाच्दै बुद्ध बन्न चाहनछु । म के अनुरोध गर्न चाहन्छु भने जे कर्म गर्दै हुनुहुन्छ त्यही कर्मको माध्यमबाट बुद्धत्व प्राप्त गर्नुस् ।' आफ्नो पुस्तकमा खुसीका विषय भरपुर समेटिएको उनले सुनाए । पुस्तकमा भएको 'डुक्ने स्माईल' को प्रसंग सुनाउँदै हाँसेमा धेरै दुख घट्ने उनले बताए ।

संवादको अन्त्यमा, हामी सबै बुद्धले सिकाएको मध्यम मार्गमा हिड्नुपर्ने उनले बताए । डा. केसीको कृतिहरुमा आमा पात्रलाई किन बढि प्राथमिकता? भन्ने प्रश्नमा उनले जवाफ दिदैं भने, 'आमाको बारेमा किन धेरै लेख्नुपर्‍यो भन्दा इतिहासको कालखण्डमा कहिले पनि बाहरु सती गएनन् । त्यसैले समेट्नुपर्‍यो,' उनले भने, 'यद्धपि हामी बुद्धले सिकाएको मध्यम मार्गमा हिड्नुपर्छ । महिलाको धेरै कथा लेखियो भनेर पुरुषहरु धेरै आत्तिनु हुँदैन् र पुरुषका धेरै प्रश्नहरु आए भनेर महिलाहरु आत्तिनुहुदैन् ।'